प्रतिनिधिसभा..

साथै शिक्षालाई सर्वसुलभव र जीवनउपयोगी बनाईने, वर्तमान शिक्षा पद्धतिलाई आधुनिक र वैज्ञानिक बनाइने, सुदृढ र सन्तुलित छिमेक र अन्तरराष्ट्रिय सम्बन्ध कायम गरिने बताएका थिए । प्रधानमन्त्री ओलीले सर कारी निकायबाट सञ्चालित कार्यक्रम उद्यमशीलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा केन्द्रित गर्ने र तीन तहका सरकारबीचको सहयो ग, समन्वय र सहकार्यमा कृषिको व्यावसायिकीकरण र पूर्वाधार निर्माण गर्ने नीति प्रस्ताव गरि एको जानकारी दिएका थिए ।

यसैगरी, प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाको आजको बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथि उठे का प्रश्नहरूको जवाफ दिएका छन ।सामाजिक क्रान्ति समाजमा रहेका वर्गहरुबीचको द्वन्द्वका कारण हुन्छ । शासन कसले गने र शासित को हुने भन्ने विषय आजको मुद्दा हैन, हजारौँ वर्षदे खिको मानव सभ्यतासँगै जो डिएको विषय हो । 'स्रोत र साधन' आफ्नो अधीनमा राख्ने बलशाली वर्गले जहिले पनि उत्पादनका साधनमाथि पहुँच नभएका वर्गमाथि वर्चश्व कायम गर्दै आएको छ । एउटा आर्थिक वर्गले अर्कोमाथि आफ्नो वर्चश्व कायम गरेपछि मात्र परिवर्तनका लागि हुने गरेका आन्दोलन र सङ्घर्षहरु रोकिएका छन् । पहिले युरो पमा सामन्ती प्रणाली भत्काउने क्रान्तिको नेतृत्व श्रमजीवी वर्गको सहयोगमा पुँजीपति वर्गले गऱ्यो । राजा महाराजहरु या त प्रणाली स्वीकार्ने सम्झौतामा पुगे या भागे-समाप्त पारिए । त्यसपछिका परिवर्तनहरुमा श्रमजीवी वर्ग र पुँजीपति वर्गबीचको द्वन्द्व भए, शासन व्यवस्था फेरिए ... यो सिलसिला चल्दै आयो ।

हाम्रो देशमा विचारधारका रुपमा तीनखालको प्रवृत्ति सुरुदे खि नै विद्यमान रह्यो । एकातिर वंश/परम्परामा आधारित सामन्ती प्रवृत्ति र अर्कातिर लोकतन्त्रका हिमायती अन्य दुई प्रवृत्ति । पछिल्ला दुई प्रवृत्तिबीच फाटो आउँदा अघिल्लोको शासनसत्ता लम्बियो, एक हुँदा जनअपे क्षाअनुरुपको प्रणाली स्थापना हुन सक्यो । हजार वर्षभन्दा बढी समय विभिन्न नामका भुरे-टाकुरे, राजा/रजौटाहरुले हाम्रो मुलुकको स्रोत र सम्पत्तिमाथि शोषण र जनतामाथि हुकुमी शासन चलाउँदै आए । पछिल्लो अढाइ सय वर्ष जति शाह वंशीय सामन्ती व्यवस्था मुलुकको अग्रगतिमा तगारो बन्यो ।

अनिर्वाचित, परिवार र वंश आधारित 'संस्था' वा 'तन्त्र' कायम राख्ने, परिमार्जन गने वा मिल्काउने भन्ने प्रश्नलाई हामीले २०६२/६३ को परि वर्तनमार्फत निष्कर्षमा पुऱ्यायौ, २०७२ सालमा जारी गरिएको संविधानमार्फत संस्थागत गऱ्यौ । कुनै पनि प्रकृतिका जातीय श्रे ष्ठता या वंश परम्परामा आधारित पछौटे प्रतिगामी प्रणालीलाई अस्वीकार गऱ्यौं । सङ्घीयतामा आधारित लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यौं ।अहिले यतिखेर राजनीतिक अस्थीरताका कारण सिर्जित निराशालाई 'क्यास-गदै', हाम्रा बलिदान तथा शताब्दी लामो सङ्घर्षले इतिहासको रछ्यानमा फालिएको सामन्ती प्रथा ब्युँताउने मात्रै हैन तिथि-मिति नै तोकेर सिंहसानमा विराजमान गराउने र श्रीपेच ढल्काउने जस्ता भ्रम फिँजाइ संविधान तथा व्यवस्थाकाविरुद्ध हिंस्रक एवं अराजक गतिविधि सुरु भएको छ । प्रस्तावित नीति तथा कार्यक्रममा संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने प्रतिवद्धता छ । यसका विरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने दृढता व्यक्त गरिएको छ ।म विश्वास गर्छु-जनताको वलिदान खेर जान नदिने, प्राप्त उपलब्धिको रक्षा र प्रवर्द्धन गर्ने प्रस्तुत नीतिमा यस सम्मानित सदन एक हुनेछ। सरकार निर्माणको समयमा "संविधानको समीक्षा गर्ने, यसका सवल पक्षलाई सुदृढ गर्ने र कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी सच्याउने" प्रतिवद्धता गरिएको थियो । तसर्थ, सहमतिको आधारमा संशोधनको प्रक्रियाअघि बढाउने नीतिमा सर कार प्रतिवद्ध छ । दलहरु बीचको स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, सहकार्य र सहअस्तित्वको नीतिमा राजनीतिक स्थायित्वलाई निर न्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने हाम्रो प्रयास जारी रहने छ । हामी सबैलाई थाहै छ, सरकार अविच्छिन्न उत्तराधिकार वाला संस्था हो । अविच्छिन्न उत्तर ाधिकारवाला संस्था भएकै कारण सरकारले आफ्ना नीति सार्वजनिक गर्दा, पूर्ववर्ति सरकारले सुरु गरे का संविधान र कानुनसम्मत तर सान्दर्भिक नीति तथा कार्यक्रमलाई निरन्तरता दिन्छ, दिनुपर्छ र दिइएको पनि छ । के ही माननीय सदस्यहरुका 'प्रस्तुत नीति कार्यक्रम-उही र उस्तै' भन्ने टिप्पणीलाई यसै सन्दर्भमा बुझिदिन आग्रह गर्दछु । फेरि, एउटा सरकार को ठाउँमा अर्को सरकार निर्माण हुनु, अघिल्लो समीकरणलाई नयाँ समीकरणले विस्थापित गर्नु भने को राजनीति र नीति-कार्यक्रमको 'कोर्स करेक्सन' वा परिवर्तन पनि हो । फेरिएको 'कोर्स' बमोजिम हटाइएका नीति वा कार्यक्रम हेरी माननीयहरुद्वारा सोधिने 'पहिलेको खै त?' भन्ने प्रश्नलाई पनि यसै सन्दर्भमा लिन अनुरोध गर्दछु । नीतिले थोरै शब्दमा धेरै कुरा बो ल्ने गर्छ । त्यसैले 'नयाँ के छ ?' भन्ने सन्दर्भमा नीति कार्यक्रममा प्रस्तुत केही पक्षमा सङ्क्षिप्त चर्चा गर्ने अनुमति चाहन्छु ।

गत वर्ष साउन ६ गते यस सम्मानित सदनमा संबोधन गर्ने क्रममा मैले "जहिल्यै काम भइरहेको झैं हुने तर कहिल्यै नसकिने" हाम्रो विकास निर्माणको कामका तरिकाप्रति 'ओर्क इन प्रो ग्रेस !'

भन्दै टिप्पणी गरेको थिएँ । हामीसँग रहेको सीमित स्रोत र विकासमा हामीले मार्नुपरेको तीब्र फड्कोको बीचमा रहेका बिरो धाभाषलाई उल्लेख गरेको थिएँ । विकास-निर्माणको हाम्रो यस्तो ढाँचा, सुस्त गति र 'ओर्क इन प्रो ग्रेस' संस्कृति परिर्वतन नगरी अघि बढ्न नसकिने उल्लेख गरेको थिएँ । आफूसँग भएको सीमित स्रो त कहाँ लगानी गर्ने र त्यसबाट कस्तो परिणाम हासिल गर्ने भन्ने कुरामा हामी स्पष्ट हुनुपर्ने उल्लेख गरेको थिएँ । त्यसैले प्रस्तुत नीति-कार्यक्रममा विकास निर्माणका क्रममा देखापरेका कमी कमजोर ीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने प्रस्ताव नयाँ हो । यसलाई व्यवहारमा अवलम्बन गर्ने प्रतिवद्धता पनि नयाँ हो ।

'जे आउँछ मजाले पचाउँछ' भनेझैं जे छ, त्यसैमा रम्ने है न, काम लाग्ने जे छ, त्यसलाई सकेसम्म निरन्तरता दिने, जे असान्दर्भिक छ, त्यसलाई त्याग्ने नीतिमा हामी जानुपर्छ । त्यसैले, विगतमा विभिन्न सरकारद्वारा घो षणा गरिएका पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने प्रस्ताव गरिएको हो ।

थालेको काम सक्ने घोषित नीतिअन्तर्गत राष्ट्रिय गौरवका आयोजनाहरुको पुनरावलोकन गर्ने, चालु परियोजनाहरुलाई 'आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने र प्रतिनिधिसभाको यस अवधिभित्र सम्पन्न हुने' गरी वर्गीकरण गरी निर्धारण गरिएको समयतालिकामा सम्पन्न गने नीति नयाँ हो । निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परि योजनाका लागि आवश्यक स्रो तको आँकलन गरी सम्पन्न गर्न नसकिने परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेज समे त गर्ने नीति नयाँ हो ।

पूर्वाधार विकासका नयाँ परियो जना बनाउँदा "सम्भाव्यता, जो खिम, र प्रतिफल"को लेखाजो खा जस्ता 'स्टेक होल्डर'को चासो र पूँजीको प्रतिवद्धता व्यक्त गर्नुअघि 'नगद प्रवाह, जोखिम न्यूनीकरण, र कानुनी सुरक्षा' जस्ता लगानीकर्ता र ऋणदाताको चासो समेटिएको 'बिजनेस प्लान' विकास गर्नुपर्ने नीति नयाँ हो । 'स्टार्टअप' होस् वा 'आन्टर प्रीनरशीप' कुनै पनि फिल्डमा उद्यमशीलता सुरु गर्दा- 'व्यवसाय सुरू गरेदेखि बजारसम्मको चक्र' अर्थात्, 'व्यवसायको इकोसिस्टम' ख्याल गर्नुपर्ने नीति नयाँ हो ।

उदाहरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको पुनर्संरचना गरी व्यवसायमा आउनेलाई भूमि बैंक-वित्त, उपकरण तथा अन्य 'इनपुट' का रुपमा बाली बीमाको व्यवस्थापन, त्यसको समर्थन मूल्य, कृषि उपजको अग्रिम खर ीद सम्झौता, बजार व्यवस्थापन र भण्डारणको चक्र निर्माण गने नीति अघि सारिएको छ । मल, विद्युत र अन्य पूँजीगत अनुदानको पुनः व्यवस्थापन गरी स्रोतको अपव्यय हुनेबाट रोक्ने नीति नयाँ हो भन्ने माननीयहरुलाई स्पष्ट पार्न चाहन्छु । आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा विकास गर्ने क्षेत्र कुन हो भन्नेमा नीति कार्यक्रममा 'अन्यौल' छैन । 'कृषि तथा वन, सूचना तथा प्रविधि, पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधार'लाई मुख्य क्षेत्र तोकिएको छ ।

जलवायु...

वातावरणमा ख्यातिप्राप्त ३५ भन्दा बढी राष्ट्रका विदेशी पाहुनाको सहभागिता रहने उनले अपेक्षा व्यक्त गरे ।

संवादमा राष्ट्रिय तथा अन्तरर ाष्ट्रिय गरी करिब तीन सय बढी विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहने बताइएको छ । यस कार्यक्रममा पहिलो दिनको साँझ विदेशी पाहुनाहरूका लागि प्रधानमन्त्रीको समुपस्थितिमा गाला डिनर कार्यक्रमको तयारी गरिएको छ । उनले संवादको अवधिमा उच्चस्तरीय उद्घाटन सत्रसहित एक प्लेनरी छलफल हुने र विभिन्न विषयमा १२ वटा समानान्तर सत्र तथा केही 'साइड इभेन्ट'हरू पनि हुने जानकारी गराए । तेस्रो तथा अन्तिम दिन हिमाल देखाउनका लागि पर्वतीय उडानको व्यवस्था मिलाइएको छ । संयुक्त राष्ट्रसङ्घले यो वर्ष २०२५ लाई अन्तरराष्ट्रिय हिमनदी संर क्षण वर्षका रूपमा घोषणा गरेको सन्दर्भमा संवादमा पनि महत्वका साथ हिमालका विषय उठाइने छन् । संवादमा खासगरी हिमालदे खि समुद्रसम्म परिरहेका असरहरू दिगो हरित अर्थ व्यवस्था, जलवायु हानिनोक्सानी न्यूनीकरण, जलवायु न्याय र मानवताको भविष्य, क्षेत्रीय र वैश्विक साझे दारीलगायत विषयमा छलफल गरिने मन्त्री शाहीले बताए ।

"संवादको तेस्रो दिन काठमाडौँ घोषणा हुने छ । हामीले संवादमा हुने छलफल, मन्थन, संवादबाट निस्किने निचोड तथा निष्कर्षलाई नीति निर्माणमा समेट्ने प्रयास गर्नेछौँ", उनले भने, "हामीले आउँदो बजेटबाटै हिमाली क्षेत्रमा रहेका पालिकाहरूमा परिरहेको सङ्कटलाई मध्यनजर गरेर केही बजेट विनियोजनका लागि पहल लिने छौँ ।" साथै यस मञ्चबाट निस्केका निचोड र विषय अन्तरर ाष्ट्रिय मञ्चहरू जस्तै कोप, संयुक्त राष्ट्रसङ्घको साधारणसभासमेतमा मुखरित गर्ने उनको भनाइ थियो ।

उक्त घोषणामा टेकेर कतिपय जलवायु कोष, हरित कोष, हानि तथा नोक्सानी को षहरूमा पहुँच वृद्धि गर्नेलगायत काम गर्ने मन्त्री शाहीले उल्लेख गरे । त्यस्तै नेपालले विश्व रूपमा स्थापित जलवायु कोषहरु विश्व जलवायु कोष, अनुकूलन कोष, हानिनोक्सानीको क्षतिपूर्ति कोष, विश्व वातावरण कोष, जलवायु लगानी कोषमा पुहँच प्रस्ताव गरिने छ ।हरित गृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य रहेको उल्लेख गर्दै मन्त्री शाहीले भने, "हामी जलवायु परिवर्तनको कारक होइनौं । विश्वव्यापी हरितगृह ग्यासको उत्सर्जनमा हाम्रो भूमिका न्यून छ । तर जलवायु परिवर्तनका असरबाट भने अत्यन्त प्रभावित भइरहेका छौं । बढ्दो जलवायु परिवर्तन, वायु प्रदूषणलगायतका विश्वव्यापी सङ्कटले हाम्रोजस्तो अल्पविकसित, हिमाली देश र यहाँका नागरिक आक्रान्त छन् ।"विश्वमा विकसित राष्ट्रहरु जहाँ ठूलाठूला उद्योगधन्दा, कलकार खाना रहेका छन्, यातायात, खानीहरू अत्यधिक छन्, त्यहाँ जै विक इन्धन, ग्यास तथा कोइलाको दोहन अत्यधिक छ । जसले गर्दा हरित गृह ग्यास उत्सर्जन बढ्दो गतिमा छ । पृथ्वीको तापक्रम बढ्दै छभने जलवायु परिवर्तन निरन्तर असामान्य हुँदै गइरहेको छ । अझ हिमाली क्षेत्रमा विश्व तापमान वृद्धिको असर बढी परे को उनले बताए ।"नेपाललाई त नखाएको विष लागेजस्तो भएको छ । खासगरी जलवायु परि वर्तनका असरबाट हिमाली क्षेत्र बढी प्रभावित भइरहेको छ । के ही दशक अगाडिसम्म सेताम्य र हने हिमाल हाल कालापहाड बन्ने खतरा बढेको छ", उनले भने, "हिमालमा हिउँ पग्लिने क्रम बढ्दै जाने हो भने हिमताल फुट्दै जाने देखिन्छ ।

संविधान ,...

प्रचण्डले संविधानको रक्षा, लो कतन्त्रको सुदृढीकरण गर्न, आर्थिक विकास र समृद्धिका लागि जनताले कृषिलगायत क्षेत्रमा भो गदै आएका समस्या समाधानको सङ्कल्पसहित अगाडि बढ्नुपर्नेमा जोड दिएका छन ।

यसैगरी, प्रधानमन्त्री केपी शर्मा ओलीले सहमतिका आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताएका छन । प्रतिनिधिसभाको आइतबारको बैठकमा सरकार गठनका बेला संविधानको समीक्षा गर्ने प्रतिबद्धता, त्यसका सबल पक्षलाई सुदृढ गर्दै कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी सच्च्याउने प्राथमिकताको स्मरण गर्दै उनले संविधान संशोधनको प्रतिबद्धता व्यक्त गरेका हुन ।"

संविधानको रक्षा र सङ्घीय लो कतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गने प्रतिबद्धता छ । यसविरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने दृढता व्यक्त गरिएको छ", प्रधानमन्त्रीले भने, "म विश्वास गर्छु । जनताको बलिदान खेर जान नदिने, प्राप्त उपलब्धिको रक्षा एवं प्रवर्द्धन गने प्रस्तुत नीतिमा यस सम्मानित सदन एक हुनेछ ।"

Sayapatri Hydropower Limited

Chabahil,Kathmandu
Tel.01-4564509,E-mail Address: info@sayapatrihydropower.com
Website: WWW.sayapatrihydropower.com

Unaudited Financial Results

(As at 31st Chaitra, 2081, 3rd Quarter F.Y.2081/82)

Amount in NRs.

Particular	This Quarter ending As at Chaitra 31,2081	Previous Quarter ending As at Paush 29,2081	Corresponding Previous Quarter ending As at Chaitra 30,2080
Assets			
Non Current Assets			
Property, Plant & Equipment	497,170,854	493,794,829	511013098
Less :Depreciation on PPE	(13,096,034)	(8,665,084)	(12,992,098)
Net Property,Plant & Equipment	**484,074,820**	**485,129,745**	**498,021,000**
Capital Work In Progress	-	-	-
Investment	-	-	-
Intangible assets			
Software	817,501.00	908,334.00	1,180,834.00
Goodwill Account	-	-	-
Total Non Current Assets	**484,892,321**	**486,038,079**	**499,201,834**
Current Assets			
Cash & cash Equivalents	8,588,102	11,662,149	10,034,180
Trade & Receivables	13,696,667	13,779,630	13,592,784
Advances, Pre Payment and other Receivables	16,760,129	15,183,520	16,714,558
Inventory	10,086,017	12,276,203	11,211,768
Total Current Assets	**49,130,915**	**52,901,502**	**51,553,290**
Total Assets	**534,023,236**	**538,939,581**	**550,755,124**
Equity & Liabilities			
Equity			
Share Capital	300,000,000	300,000,000	300,000,000
Revaluation Reserve	24,296,474	24,296,474	24,296,474
Retained earning (Loss)	(44,861,881)	(44,731,515)	(51,131,740)
Total Equity	**279,434,593**	**279,564,959**	**273,164,734**
Long Term Loan & Liabilities			
Secured Consortium Term Loans	222558983	222558983	241,896,982
Provision for Employee Benefits	1325500	1325500	1,325,500
Total Long Term Loan & Liabilities	**223884483**	**223884483**	**243,222,482**
Current Liabilites & Provisions			
Short Term Borrowings	15422260	20299812	15,550,341
Trade & Other Payable	15281900	15190327	18,817,567
Tax & Duties	-	-	-
Total Current Liabilites & Provisions	**30704160**	**35490139**	**34,367,908**
Total Loans & Liabilities	**254,588,643**	**259,374,622**	**277,590,390**
Total Equity & Liabilities	**534,023,236**	**538,939,581**	**550,755,124**

Profit and Loss (For the Quarter ending Chaitra 31, 2081)

Amount in N

Particular	This Quarter ending As at Chaitra 31,2081	Previous Quarter ending As at Paush 29,2081	Corresponding Previous Quarter ending As at Chaitra 30,2080
Direct Income	48,903,621	37201325	50,676,984
Less : Royalty Expenses	-	-	-
Less : Direct CostExpenses	4,669,387	3490573	5,256,434
Gross Profit	**44,234,234**	**33,710,752**	**45,420,550**
Other Income	453,744	453,744	2,607
Operating Expenses			
Administrative Expenses	1,189,190	749,352	1,411,133
Employee's Benefits	3,630,300	2,491,500	3,277,317
Operating Profit	**39,868,488**	**30,923,644**	**40,734,708**
Non Operating Expenses			
Financial Costs	15,433,382	10879955	21213956
Depreciation & ammortization	13,368,534	8846751	13264598
Profit(Loss) Before Bonus & Tax	**11,066,572**	**11,196,938**	**6,256,154**
Provision for Bonus	-	-	-
Profit/(Loss) Before & Tax	-	-	-
Profit After Tax	**11,066,572**	**11,196,938**	**6,256,154**
P/L Appropriation Account			
Profit (Loss) For The Year			
Profit/(Loss) Upto Previous Year			
Balance Curried to Reserve & Surplus			
Earning Per Equity Shares of 100 each	3,000,000	3,000,000	3,000,000
Basic Eps	3.69	3.73	2.09
Dilluted EPS	3.69	3.73	2.09

Cash Flows Statement As at 31st Chaitra , 2081

Amount in NPR

Particulars	This Quarter ending As at Chaitra 31,2081	Previous Quarter ending As at Paush 29,2081	Corresponding Previous Quarter ending As at Chaitra 30,2080
CASH FLOWS FROM OPERATING ACTIVITIES			
Net Profit for the year	**11,066,572**	**11,196,938**	**6,256,154**
Adjustment for:			
Items of OCI that will not subsequently be reclassified to SoPL	-	-	-
Depreciation & ammortization charges	13,368,534	8,846,751	13,264,598
Interest Income	-	-	-
Interest Expense	15,433,382	10,879,955	21,213,956
Loss/(gain) on subsequent measurement of investments	-	-	-
Income Tax expense charged to statement of income	-	-	-
Working Capital Adjustments			
Decrease/(Increase) in trade receivables	1,782,491	1,699,528	4,624,578
Decrease/(Increase) in Advance,Prepayment & other receivables	388,865	1,965,474	830,308
Decrease/(Increase) in Inventories	1,757,893	(432,293)	(1,786,030)
Increase/(Decrease) in trade and other payables	(2,723,464)	(2,815,037)	(4,642,734)
Increase/(Decrease) in provisions for Gratuity	-	-	-
Increase/(Decrease) in other liabilities	-	-	-
Cash Generated from Operations	**41,074,273**	**31,341,316**	**39,760,830**
Interest paid	(15,433,382)	(10,879,955)	(21,213,956)
Income tax paid			-
NET CASH FLOWS FROM OPERATING ACTIVITIES (A)	**25,640,891**	**20,461,361**	**18,546,874**
CASH FLOW FROM INVESTING ACTIVITIES			
Proceeds from sale of PPE, Investments/Financial Assets	-	-	-
Interest/Dividend received	-	-	-
Acquisition/devaluation of Property, Plant and Equipment	(3,470,297)	(94,270)	(125,505)
NET CASH FLOWS FROM INVESTING ACTIVITIES (B)	**(3,470,297)**	**(94,270)**	**(125,505)**
CASH FLOW FROM FINANCING ACTIVITIES			
Proceeds from the issue of Equity and Preference Share	-	-	-
Proceeds from Long term borrowings	-	-	-
Repayment of other Short-term Borrowings	###############	###############	(17,932,534)
Dividend Paid	-	-	-
NET CASH FLOW FROM FINANCING ACTIVITIES (C)	**(17,010,203)**	**(12,132,651)**	**(17,932,534)**
Net Increase in Cash and Cash Equivalents	**5,160,391**	**8,234,438**	**488,834**
Cash and Cash Equivalents at the beginning	**3,427,711**	**3,427,711**	**9,545,346**
Exchange gains/(losses) in cash and cash equivalents			
Cash and Cash Equivalents at the end	**8,588,102**	**11,662,149**	**10,034,180**

अनुसूची - १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरणः**

(क) आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक अवधिको व्यवस्थापनवाट तयार गरिएको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (वार्षिक)	३.६९	प्रति शेयर कुल सम्पत्तिको मूल्य	१७८
प्रति शेयर नेटवर्थ	९३.१४	मुल्य आम्दानी अनुपात (P/E Ratio)	२७
तरलता अनुपात	२.५५		

२. **व्यवस्थापकीय विश्लेषणः**

(क) यस त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा अत्याधिक परिवर्तन रहेको छैन । कम्पनीको मौज्दात, आम्दानी र तरलतामामा सकारात्मक प्रभाव कायम रहेको छ ।

(ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य व्यवसायिक योजना नरहेको ।

(ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी जानकारीमा नरहेको ।

३. **कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) त्रैमासिक अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः** शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा कम्पनी तटस्थ छ । यद्यपि कम्पनीको शेयरमा मूल्यमा प्रभाव पार्ने सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित कानूनको अधिनमा रही प्रवाहित गरिनेछ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः**

अधिकतम मूल्य	९२२	न्यूनतम मूल्य	७०८
अन्तिम मूल्य	७६८.१९	कारोबार भएको कूल दिन	६१
कारोबार संख्या	४७६१		

५. **समस्या तथा चुनौतीः**

बढ्दो प्रतिस्पर्धाका कारण कम्पनीमा कार्यरत जनशक्ति कायम राखी राख्ने एवं बढ्दो मुद्रास्फितिका कारण हुन् सञ्चालन खर्चको वृद्धि कम्पनीका आन्तरिक समस्या र चुनौती हुन । साथै कम्पनीको परियोजना स्थलमा हुन सक्ने प्राकृति प्रकोप जस्तै बाढी, भुकम्प आदि कम्पनीका वाह्य समस्या र चुनौती हुन । सो सम्बन्धमा कम्पनीले आवश्यकता अनुसार समिक्षा गरी रणनीति बनाई सोको निराकरणको उपाय अवलम्बन गरि रहेको छ ।

६. **संस्थागत सुशासनः**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा प्रचलित कानूनको पूर्णतः परिपालन गरि रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।